का.जि.प्र.का.द.नं. १००/०५९/६०
२५ फागुन २०७९,
बिहीबार
9 March 2023,
Thursday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

इपेपर हेर्न

वर्ष २१, अंक ४३ । पृष्ठ १०
Madhyanha National Daily
www.madhyanhadaily.com



# मुलुकले पाउँदै नयाँ राष्ट्रपति

राजाको छोरा राष्ट्रप्रमुख हुने राजतन्त्र फालेर मुलुक संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थामा प्रवेश गरेपछिको तेस्रो राष्ट्रपतिको निर्वाचन हुन लागेको हो ।

**दीपेन्द्रविक्रम तामाङ/मध्यान्ह**
काठमाडौं, २४ फागुन ।

देशले आज तेस्रो राष्ट्रपति पाउँदैछ । राजाको छोरा राष्ट्रप्रमुख हुने राजतन्त्रात्मक शासन व्यवस्था बदलेर संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थामा मुलुक प्रवेश गरेपछिको तेस्रो राष्ट्रपतिको निर्वाचनमा दुई उम्मेदवार छन् - नेपाली कांग्रेसका रामचन्द्र पौडेल र नेकपा एमालेका सुवासचन्द्र नेम्वाङ।

निर्वाचन आयोगका प्रवक्ता सहसचिव शालिग्राम शर्मा पौडेलका अनुसार आज बिहान १० बजेदेखि दिउँसो ३ बजेसम्मका लागि मतदानको समय तोकिएको छ। मतदान सकिएपछि आयोगले मतगणना शुरू गरेर आज नै मतपरिणाम सार्वजनिक गर्ने तयारी गरेको छ। साँझ ७ बजेसम्ममा निर्वाचित राष्ट्रपतिको घोषणा हुने उनले बताए।

प्रवक्ता पौडेलका अनुसार नयाँ बानेश्वर स्थित संसद् भवनमा दुईवटा मतदान केन्द्र निर्माण गरिएको छ। आयोगले संघीय संसद्का लागि र प्रदेशसभाका लागि छुट्टाछुट्टै मतदान केन्द्र निर्माण गरेको हो। आयोगद्वारा प्रकाशित मतदाता नामावलीको अन्तिम सूचीअनुसार राष्ट्रपति

- बाँकी पृष्ठ २ मा

*तस्बिरः उत्तम कार्की/मध्यान्ह*

## राप्रपाले मतदानमा भाग नलिने

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २४ फागुन ।

प्रतिनिधिसभामा १२ दलको प्रतिनिधित्व छ । त्यसमध्ये राप्रपाले भने राष्ट्रपतिको चुनावमा भाग नै नलिने निर्णय गरेको छ । राप्रपाको संघमा १४ र प्रदेशमा २८ सांसद छन् । जसको मतभार २४५० मतभार हुन्छ। यो मतभार निर्वाचनमा व्यक्त नै नहुने भएको हो ।

बुधबार बसेको राप्रपाको केन्द्रीय कार्यसमितिको बैठकले राष्ट्रपतिको निर्वाचनमा तटस्थ बस्ने निर्णय गरेको हो। 'पार्टीको केन्द्रीय कार्यसमितिको बैठकले राष्ट्रपतिको निर्वाचनमा मतदानमा सहभागी नहुने, तटस्थ बस्ने निर्णय गरेको छ', राप्रपाका प्रवक्ता मोहन श्रेष्ठले जानकारी गराएका छन् ।

राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देन दुई कारणले यस्तो निर्णयमा पुगेको बताउँछन् । एक - राष्ट्रपतिको संरचनामाथि पार्टीको फरक मत । दोस्रो- दुवै

- बाँकी पृष्ठ २ मा



**राजेन्द्र लिङ्देन**
**अध्यक्ष, राप्रपा**

राष्ट्रपतिको संरचनामाथि हाम्रो फरक मत छ र दुवै उम्मेदवार राजनीतिक व्यक्ति भएकाले मतदानमा सहभागी नहुने निर्णय लिएका हौं ।

## रास्वपा अझै अनिर्णीत

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, २४ फागुन ।

राष्ट्रपति निर्वाचनबारे निर्णय लिन बुधबार बसेको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को केन्द्रीय कार्यसम्पादन समितिको बैठक बिना निष्कर्ष टुंगिएको छ । रास्वपाले बिहीबार नै निर्णय लिने निर्णय गरेको छ ।

प्रतिनिधिसभामा १९ सिट रहेको रास्वपाको १५०१ मतभार छ । गत ४ मंसिरमा रास्वपाले २० सिट जितेको थियो। तर, रास्वपा सभापति रवि लामिछानेको पद नागरिकता विवादमा सर्वोच्च अदालतको आदेश अनुसार

- बाँकी पृष्ठ २ मा



**मुकुल ढकाल**
**प्रवक्ता, रास्वपा**

मतदान गर्छौं । कसलाई मतदान भन्ने निर्णय मतदान अगाडि लिन्छौं ।

## कानुन निर्माणमा गौण

सदनको कामकारवाहीमा सांसदहरुकै समेत ध्यान केन्द्रित हुन नसक्दा विधेयकउपर छलफल हुन पाएको छैन ।

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, २४ फागुन ।

समयमै प्रतिनिधिसभा नियमावली पारित नहुँदा संसदीय विषयगत समिति गठन हुन सकेका छैनन् ।

संसदीय विषयगत समितिहरु गठन हुन नसक्दा संसदमा विचाराधीन विधेयकहरुउपर दफावार छलफल हुन सक्ने वातावरण तयार भएको छैन् । परिणाममा नयाँ प्रतिनिधिसभा कानून निर्माणमा केन्द्रीत हुन सकेको छैन ।

संघीय संसद सचिवालयका प्रवक्ता एकराम गिरीका अनुसार सदनमा विचाराधीन १५ वटा विधेयकहरु छन् । सदनको कामकारबाहीमा सांसदहरुकै समेत ध्यान केन्द्रित हुन नसक्दा विधेयकउपर सभामै पनि छलफल हुन पाएको छैन ।

अगाडि बढाउन खोजेको विधेयक पनि सांसदहरुको उपस्थितिका कारण रोकिएको उदाहरण छ । १२ फागुनको प्रतिनिधिसभा बैठकमा राष्ट्रिय सभाबाट सन्देशसहित आएको अनुगमन तथा मूल्यांकन विधेयक २०७८ माथि विचार गरियोस् भन्ने प्रस्ताव निर्णयार्थ प्रस्तुत हुन सकेन । कारण- गणपूरक संख्या । १६० जनाले

- बाँकी पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

## प्रधानमन्त्रीको व्यस्तताले इजरायलको रोजगारी प्रभावित

**मध्यान्ह संवाददाता**
काठमाडौं, २४ फागुन

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय आफ्नो नेतृत्वमा राख्दा इजरायलका दीर्घकालीन स्याहार केन्द्रमा सहायक कामदारको रोजगारी प्रक्रिया प्रभावित भएको छ । इजरायलले आफ्नो मुलुकका दीर्घकालीन स्याहार केन्द्रमा सहायक कामदारका रूपमा नेपालबाट १ हजार १ सय ४७ जना कामदार छनोट गरी पटक-पटक गरेर उनीहरूलाई लगिसकेको छ ।

इजरायलले तत्काल थप पाँच सय नेपाली कामदार लैजान चाहेको भएपनि श्रम मन्त्रालयबाट मन्त्रीस्तरीय निर्णय गरी अगाडि बढाउने काममा हाल उक्त मन्त्रालयको जिम्मेवारी आफैसँग राखेका प्रधानमन्त्री प्रचण्डले समय दिन नसक्दा प्रक्रिया अघि बढ्न नसकेको मन्त्रालय स्रोतले जानकारी दियो ।

पछिल्लो अवधिमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को भागमा परेको श्रम मन्त्रालय तत्कालीन

- बाँकी पृष्ठ २ मा

## व्यवसायी गुरूङ सम्मानित



**काठमाडौं/मस-** वीनर एच आर सोलुशन प्रा.लि.की सञ्चालक महिला वैदेशिक रोजगार व्यवसायी हिमा गुरूङ 'राष्ट्रिय नारी सम्मान २०७९'बाट सम्मानित भएकी छन् । मंगलबार चन्द्रलोक प्रतिष्ठानले ११३औं अन्तर र्राष्ट्रिय नारी दिवसको अवसरमा काठमाडौंमा आयोजना गरेको कार्यक्रममा राष्ट्रियसभा उपाध्यक्ष

- बाँकी पृष्ठ २ मा


VACANCY
ANNOUNCEMENT
एक प्रतिष्ठित म्यानपावर कम्पनीको लागि कर्मचारीहरुको आवश्यकता भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला ।

**Documentation**
Smart & Intelligent
Height : 5:4 Ft
Language : Nepali,English & Hindi
Skill : Computer Knowledge
Time : 9:59 to 5:59
Salary : 40,000 + Overtime

**Receptionist**
Smart & Intelligent
Height : 5:4 Ft
Language : Nepali,English & Hindi
Skill : Computer Knowledge
Time : 9:59 to 5:59
Salary : 15,000 + Overtime

**Ticketing Officer**
Language : Nepali,English & Hindi
Skill : Computer Knowledge
Time : 9:59 to 5:59
Salary : 40,000 + Overtime

01-5104632
01-5104634
Send us your CV:
destinykuwait8@gmail.com

(Minimum 2 Years of Experience in the related field)

DHR
Gov. lic. No. 789/065/66
Destiny Human Resource Nepal Pvt. Ltd.
G.P.O. Box: 8975 EPC 5444, Kathmandu, Nepal



हार्दिक बधाई



यस वीनर एच आर सोलुशन प्रा.लि.की सञ्चालिका तथा प्रबन्ध निर्देशक हिमा गुरुङ विगत लामो समय देखि वैदेशिक रोजगारको क्षेत्रमा सक्रियता पूर्वक लागेर नेपाली नागरिक समाजमा आफूलाई निष्ठापूर्वक समर्पित गराउँदै आफ्नो कम्पनीका माध्यमबाट वेरोजगार युवायुवतीहरुलाई रोजगारीको अवसर प्रदान गरी सुरक्षित वैदेशिक रोजगारको क्षेत्रमा पुऱ्याउनु भएको योगदानको कदर गर्दै चन्द्रलोक प्रतिष्ठानद्वारा ११३ औं अर्न्तराष्ट्रिय श्रमिक महिला दिवसको अवसरमा राष्ट्रिय नारी सम्मान २०७९ बाट सम्मानित हुनु भएकोमा हार्दिक बधाई ज्ञापन गर्दछौं ।

वीनर एच आर सोलुशन प्रा.लि.
परिवार
महाराजगंज, काठमाडौं ।


## प्रेस विज्ञप्ति

नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष तथा यस प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च, नेपालका निवर्तमान अध्यक्ष राजेन्द्र भण्डारीको बारेमा प्रकाशित अनलाइन समाचारका विषयमा यस मञ्चको गम्भीर ध्यानाकर्षण भएकोले प्रेस विज्ञप्ति प्रकाशित गरिएको छ ।

१. करिब एक वर्ष पहिले नै वैदेशिक रोजगार न्यायाधिकरणबाट भएको फैसलालाई आधार बनाई प्रकाशित समाचार सत्यतथ्यको प्रकाशन गर्नुपर्ने सञ्चार संस्थाको व्यावसायिक मर्यादा विपरीत व्यक्तिको व्यक्तिगत इज्जत प्रतिष्ठामा आँच पुऱ्याउने बदनियतले प्रकाशन गरिएको हो भन्ने मञ्चको ठहर रहेको छ ।
२. कुनै अमुख छापाखानामा अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट छापामारी वैदेशिक रोजगार व्यवसायीहरुलाई हतोत्साहित गराउने नियतले ५०औं फर्म तथा वैदेशिक रोजगार विभागबाट दिएको अनुमतिका सम्बन्धमा सोही विभागमा तत्कालीन महानिर्देशकको समेत अग्रसरतामा अभियोग दायर गरिएको विषय आफैंमा गैरकानूनी रहेकोले त्यसलाई कानूनसम्मत तरिकाले चुनैती दिई सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन पत्र दायर गरेको र सो को निराकरण अदालतसमक्ष विचाराधीन रहेकाले सो विषयलाई लिएर सार्वजनिकरुपमा प्रकाशन प्रसारण गर्नु न्यायिक परिपाटी विपरीत रहनेतर्फ यस मञ्च सदा सचेत रहेको छ ।
३. नेपालको संविधान, ऐन, कानून र सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त समेतका आधारमा कुनै एक तहबाट भएको फैसला अन्तिम नभई त्यस फैसला उपर माथिल्लो तहमा पुनरावेदन गर्न सक्ने कानूनी अधिकारका रूपमा स्थापित तथ्य हो । आफ्नो सफाइ तथा न्यायका लागि सो बमोजिमको अधिकारको प्रयोग गरी सर्वोच्च अदालतमा पुनरावेदन गर्न संघका अध्यक्षलाई कानूनी अधिकार रहेकाले सम्मानित सर्वोच्च अदालतबाट अन्तिम फैसला नहुँदासम्म आफू नै न्यायाधीश जस्तो गरी कसैलाई पनि दोषी किटान गरी प्रकाशन गरिने समाचारले निष्पक्ष र तटस्थ न्यायिक मार्गलाई प्रभावित पार्ने विषयमा सम्बन्धित सबैको ध्यानाकर्षण गर्न चाहन्छौं ।
४. सम्मानित अदालतबाट हुने फैसलाहरुको सम्मान र पालना गर्न यस मञ्च सदासर्वदा तत्पर रहेको छ, तर स्वच्छ सुनुवाइको मार्ग प्रभावित पार्ने नियतले प्रकाशित गरिने समाचारप्रति यस मञ्च खेद प्रकट गर्दछ ।
५. वैदेशिक रोजगार न्यायाधिकरणले गरेको फैसला बदर गरी पाउँ भनी राजेन्द्र भण्डारीले दर्ता गरेको पुनरावेदन सर्वोच्च अदालतमा विचाराधीन रहेको र अदालतमा विचाराधीन मुद्दाको विषयमा गलत र भ्रामक समाचार प्रकाशन प्रसारण गर्नु नेपालको कानून र स्वयं सम्मानित अदालतको मर्यादा र गरिमा विपरीत रहेको छ ।
६. समाचार संस्थाहरु सूचना जानकारीका प्रमुख स्रोत हुने भएकाले कुनै समाचार प्रकाशन गर्नु पूर्व त्यसको सत्य तथ्यसम्बन्धमा सम्बन्धित निकाय, पक्ष वा व्यक्तिसँग बुझी प्रतिक्रियासहित समाचारको प्रमाणीकरण (Verify) गरेमा तथ्य र समाचार थाहा पाउने पाठकहरूको अधिकारको पनि रक्षा हुने अवस्थामा समाचार (Verify) नगरी सम्बन्धित निकाय वा व्यक्तिसँग नबुझी एकपक्षीयरूपमा समाचार प्रकाशन प्रसारण गर्दा निहित व्यक्तिको स्वार्थ पूर्ति हुने भएपनि असान्दर्भिक र भ्रामक समाचार प्रकाशन प्रसारणले सम्बन्धित समाचार संस्थाको जनस्तरमा रहेको साख, विश्वसनीयता तथा प्रतिष्ठामा प्रतिकुल असर पर्ने भएकाले पनि यसतर्फ सम्बन्धित समाचार संस्था/सम्पादकहरुको पनि गम्भीर ध्यानाकर्षण गराइन्छ ।

**जनक रावल**
**अध्यक्ष**
**प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च, नेपाल**
पिंगलास्थान, गौशाला, काठमाडौं, फोनः ०१-४४६४३०१, ४४६४७२६

# महिला पाइलटलाई सरकारको स्वागत

**मध्यान्ह संवाददाता**
काठमाडौं, २४ फागुन



सरकारले राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवा निगम (नेपाल एयरलाइन्स) को अन्तर्राष्ट्रिय उडान गर्ने महिला विमानचालक (पाइलट)लाई स्वागत गरेको छ। संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किरातीले मंगलबार त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा महिला विमान चालक दललाई स्वागत गरेका हुन्। काठमाडौं-दुबई-काठमाडौं उडान भरेका महिला चालक दललाई हौसला र प्रोत्साहन दिलाउन पर्यटनमन्त्री विमानस्थल पुगेर स्वागत गरेका हुन्। महिला विमान चालकलाई विमानस्थलमा स्वागतपछि पर्यटनमन्त्री किरातीले नेपालको उड्डयन क्षेत्रको इतिहासमा पहिलो पटक महिला पाइलटले अन्तर्राष्ट्रिय उडान भरेर नयाँ इतिहास कायम गरेको बताए। महिलाहरुको अन्तर्राष्ट्रिय उडानले पर्यटन मात्र नभएर मुलुकको समग्र क्षेत्रमा सकारात्मक सन्देश दिएको उनले उल्लेख गरे। यो उडानमार्फत पनि महिलाहरुले देश समाजका लागि केही गर्न सक्छन् भन्ने प्रमाणित भएको मन्त्री किरातीले उल्लेख गरे।

निगमको उडान इतिहासमै पहिलो पटक महिला पाइलटले अन्तर्राष्ट्रिय उडान (काठमाडौंदेखि दुबई भएर पुनः काठमाडौं) भरेका हुन्। पाइलटद्वय भावना पन्त र को-पाइलट सृजना राउतको टोलीले काठमाडौं-दुबई-काठमाडौं उडान भरेको निगमका सहायक प्रवक्ता गणेशकुमार घिमिरेले बताए।

उनका अनुसार महिला चालक दलले मंगलबार निगमको एयरबस 'ए' ३२० जहाज दुबईबाट काठमाडौंको उडान भरेका हुन्। दुई महिला पाइलटले निगमको एयरबस 'ए'-३२० जहाज गत फागुन २० गते राति ११ बजे काठमाडौंबाट दुबईका लागि उडान भरेका थिए।

निगमको दुबई-काठमाडौं उडानको 'ए' ३२० जहाज पाइलट भावना पन्त र को-पाइलट सृजना रावतले उडाएका थिए। यो उडानका सबै क्रू मेम्बर महिला थिए। विमान परिचारिका (एयरहोस्टेस) समेत सबै महिला रहेको निगमले जनाएको छ। निगमले आफ्नो उडान इतिहासमै पहिलो पटक महिला पाइलटले अन्तर्राष्ट्रिय उडान भरेको जनाएको छ। मंगलबार अन्तर्राष्ट्रिय महिला दिवसका दिनमा निगमले यो संयोग जुराएको हो। निगमसँग आन्तरिक र अन्तर्राष्ट्रिय दुवै उडानमा गरी छ जना महिला पाइलट छन्।

# बालेन शाह र महेश बस्नेतबीच भेटवार्ता



काठमाडौं/मस- काठमाडौं महानगरपालिकाका प्रमुख बालेन शाह र नेकपा एमालेका पोलिटब्यूरो सदस्य एवं पूर्वमन्त्री महेश बस्नेतबीच भेटवार्ता भएको छ। बुधबार भक्तपुरको गुण्डुस्थित नेता बस्नेत निवासमा भएको भेटवार्तामा महानगरप्रमुख बालेनले वर्तमान राष्ट्रिय राजनीतिदेखि विकासका विभिन्न १५ वटा विषयमा छलफल गर्दै नमूना विकासका अवलोकनसमेत गरेका थिए। नेता बस्नेत र महानगर प्रमुख बालेनबीच काठमाडौं र भक्तपुरको विकासमा सहकार्य गर्नुका साथै विकासमा देखिएको समस्या समाधानमा दुवैले सहयोग गर्ने सहमति बनेको छ।

नेता बस्नेतले भक्तपुर र काठमाडौंको सिमाना भएर बग्ने मनोहरा नदीको बहाव परिवर्तन भई भक्तपुरतर्फ नदी बगिरहेको अवस्थामा प्रशासनको सहकार्यमा समस्या समाधान गरी मनोहरा करिडोर निर्माण गरेको उल्लेख गर्दै १५ घर सुकुम्वासीलाई क्षतिपूर्ति दिन नपाएकाले करिडोर निर्माण पूरा हुन नसकेको बताए। स्मार्ट सिटी, भक्तपुरमा सुविधासम्पन्न ठूलो अन्तर्राष्ट्रिय रङ्गशाला निर्माण गर्न काठमाडौं महानगरपालिका र सूर्यविनायक नगरपालिकालाई आर्थिक तथा भौतिकरूपमा सम्पन्न गराउन सहकार्यका गर्न नेता बस्नेतले राखेको प्रस्तावमा बालेनले त्यस्ता कार्यमा सहकार्य गर्दै जाने बताएका थिए।

प्रमुख शाहले सूर्यविनायक-धुलिखेल छ लेन सडकको स्तरोन्नति चाँडो सम्पन्न गराउन पाए काठमाडौं उपत्यकामा यातायात आवातजावतमा सहजता हुने धारणा राखेका थिए। नेता बस्नेतले राज्यको शून्य लगानीमा सूर्यविनायक धुलिखेल सडकको सर्भिस ट्र्याक निर्माण गराउन सफल भएको भन्दै सडक निर्माण छिटो सम्पन्न हुनेमा विश्वास रहेको बताए।

# चार करोडका सामग्री लिलाम



**काठमाडौं/मस-** त्रिभुवन अन्तर्राष्ट्रिय भन्सार कार्यालयले करिब चार करोड रुपैयाँ बराबरको सामान लिलाम बिक्री गरेको छ। कार्यालयले चालु आर्थिक वर्षको हालसम्म मोबाइल, मदिरा, सवारीसाधन, कपडा, खाद्य पदार्थ तथा इलेक्ट्रोनिक सामान लिलाम बिक्रीबाट रु तीन करोड ८९ लाख ८१ हजार पाँच सय ५७ राजस्व सङ्कलन गरेको हो। कार्यालयलाई तीन सय ३२ थान मोबाइल लिलाम बिक्रीबाट रु एक करोड ७३ लाख २६ हजार सात सय चार राजस्व प्राप्त भएको छ। यी मोबाइल विदेशबाट फर्किने यात्रुसँग जफत गरिएको हो।

यस्तै दुई हजार पाँच सय पाँच थान मदिरा लिलाम बिक्रीबाट कार्यालयले रु एक करोड पाँच लाख ८६ हजार छ सय ९७ बराबर राजस्व सङ्कलन भएको जनाएको छ। सवारीसाधन, कपडा, खाद्य पदार्थ, इलेक्ट्रोनिकलगायतका मालवस्तु लिलाम बिक्रीबाट रु एक करोड १० लाख ६८ हजार एक सय ५६ सङ्कलन भएको विमानस्थल भन्सार कार्यालयका भन्सार अधिकृत नारद पोखरेलले जानकारी दिए।

उनकाअनुसार कानूनअनुसार हाल त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल हुँदै एक व्यक्तिले एउटाभन्दा बढी थान मोबाइल तथा एक बोतलभन्दा बढी मदिरा ल्याउन पाइँदैन। कानूनले तोकेभन्दा बढी संख्यामा ल्याइएका सामग्री भए आर्थिक ऐनबमोजिम भन्सार महसुल तिर्नुपर्ने हुन्छ। कार्यालयले स्वदेशी तथा विदेशीबाट जफत गरिएको एप्पल कम्पनीका आइफोन, सामसुङलगायत महँगा मोबाइल फोन तथा मदिरा बिक्री गर्दै आएको छ।

# यातायात कार्यालय बिहान ८ बजे नै खोल्ने तयारी

**काठमाडौं/मस-** एकान्तकुनास्थित यातायात व्यवस्था कार्यालय, चालक अनुमतिपत्र कार्यालयले बिहान ८ बजेदेखि नै खोल्ने तयारी गरिएको छ। कार्यालयमा सधैँ कार्यालय समयभन्दा घण्टौं पहिले नै सेवाग्राही लाममा हुने गरेकाले भीडभाड व्यवस्थापनका लागि बिहान चाँडै सेवा सुरु गर्ने योजना बनाइएको कार्यालयले जनाएको छ। बिहान ८ बजेदेखि खुल्दा सेवाग्राही लाममा बस्नु नपर्ने र उनीहरुले थोरै समयमा काम गरिसक्ने कार्यालयका प्रमुख राजकुमार कपालीले बताए।

बिहानदेखि सेवा शुरु अहिले छलफल भइरहेको कार्यालयले जनाएको छ। सेवा प्रवाह कार्यालय समयमा हुने भए पनि सेवाग्राही बिहान छ बजेदेखि लाममा बस्ने गरेको उनले बताए। सेवाग्राहीलाई बुझाउन नसकिएको १० बजेसम्म दुई सय जना लाममा बस्ने उनले बताए। कार्यालयले दैनिक तीनदेखि साढे तीन सय टोकन बाँड्ने गरेको छ। त्योबाहेक टाढाबाट आएको जाममा परेको वा तुरुन्त अनुमतिपत्र चाहिने सेवाग्राहीलाई टोकन नभए पनि अवस्था हेरेर सेवा दिइने प्रमुख कपालीले बताए।

कार्यालयमा अहिले दरबन्दीअनुसार नै जनशक्ति कार्यरत रहेका छन्। विसं २०७२ को दरबन्दीअनुसार ३५ जना रहेकामा र करारबाट २२ जना कार्यरत रहेका छन्। कार्यालयको व्यस्त समय ११ देखि २ बजेसम्म जनशक्ति कमी महसुस हुने भए पनि अरू समयमा जनशक्ति पर्याप्त नै हुने गरेको उनले बताए। यातायात कार्यालय सधैँ नै सेवाग्राहीको भीडभाड बढी हुने कार्यालयका रुपमा रहेको छ।

# 'प्रत्येक दिनलाई महिला दिवसको रुपमा मनाउनुपर्छ'

**पवन जायसवाल/मध्यान्ह**
नेपालगन्ज, २४ फागुन




बाँकेको नरैनापुरमा ११३औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस विविध कार्यक्रम गरेर मनाइएको छ। 'लैङ्गिक समानताका लागि बलियो आधार, सिर्जनात्मक प्रविधिमा महिलाको पहुँच' भन्ने राष्ट्रिय नाराका साथ भएको कार्यक्रमलाई सम्बोधन गर्दै नरैनापुर गाँउपालिका अध्यक्ष इश्तियाक अहमद शाहले महिलाहरुका लागि ८ मार्च चाडपर्वको रुपमा रहेको बताए।

महिला दिवसकै दिन महिलाहरुले मुक्तिका लागि आन्दोलन शुरु गरेको स्मरण गराउँदै अध्यक्ष शाहले महिला नेतृत्वको पनि व्यापक रुपमा वृद्धि हुँदै गएको बताए। साँस्कृतिक तथा परम्परावादी सोचअनुरुप समाज पितृसत्तात्मक तथा पुरुषप्रधान भएकै कारण महिलाहरु माथि शोषण भइरहेको उनको भनाइ थियो।

अध्यक्ष शाहले विस्तारै-विस्तारै पितृसत्तात्मक तथा पुरुषप्रधान सोचमा सुधार हुँदै गएको अवस्थामा हरेक महिलाहरुले आफू कसरी समृद्ध हुने भन्नेतर्फ केन्द्रित हुनुपर्नेमा जोड दिए। हरेक महिलाले आफूसँग भएको ज्ञान, सीप र क्षमतलाई उजागर गर्दै श्रीमान् तथा परिवारमाथि निर्भरता कम गराउँदै गएमा महिलाको स्थिति सुधार हुने उनको भनाइ थियो। नरैनापुर गाँउपालिका महिलाहरुको हक, अधिकारप्रति संविधानले दिएको अधिकारको रक्षामा प्रतिवद्ध रहेको उनले बताए।

परिवर्तन महिला सहकारी संस्थाका अध्यक्ष सुनिता खाँणले सांस्कृतिक, राजनैतिक, सामाजिक आर्थिक अधिकार महिलाहरुले प्राप्त गरेको सन्दर्भमा अन्तर्राष्ट्रिय महिला दिवस मनाउने गरिए पनि कानूनतः पैतृक सम्पत्तिमा समान अधिकार तथा सामाजिक आर्थिक र व्यवहारिक रुपमा समानता प्राप्त हुँदा मात्र लैंगिक समानता कायम हुने बताइन्। 'हिजो हाम्रा आमा, हजुरआमाहरुले कसरी जीवन व्यतित गर्नुभएको थियो, आज हामी कुन अवस्थामा छौं र भावी पुस्तालाई भेदभावमुक्त समाज हस्तान्तरण गर्न के गर्नुपर्छ भन्ने बारेमा सचेत हुनु पर्छ' उनले भनिन्। प्रत्येक दिनलाई महिला दिवसको रुपमा मनाउनुपर्ने उनको भनाइ थियो। नरैनापुरका महिला बालबालिका शाखा प्रमुख कृष्णचन्द्रले अन्तर्राष्ट्रिय महिला दिवस सामाजिक, राजनीतिक तथा आर्थिक क्षेत्रमा महिलाहरुले प्राप्त गरेका उपलब्धीहरु पहिचान गर्ने तथा गर्व गर्ने अवसर भएको बताए। नरैनापुर गाउँपालिका वडा नम्बर ६ का महिला वडा सदस्य रिहाना मुकेरीको अध्यक्षतामा भएको कार्यक्रमको प्रमुख अतिथि नरैनापुर गाँउपालिका अध्यक्ष शाह, अतिथिहरुमा परिवर्तन सहकारी संस्थाका अध्यक्ष खाँण, वडा नम्बर २ का अध्यक्ष मसूद अहमद शाह, वडा नम्बर ३ का अध्यक्ष अजय मिश्रा, वडा नम्बर ४ का अध्यक्ष मनोज शर्मा, महिला बालबालिका शाखा प्रमुख कृषचन्द्र, सशस्त्र प्रहरी निरीक्षक नन्दकिशोर महत्तो, वरिष्ठ प्रहरी नयाव निरीक्षक पुष्पराज जोशीलगायतले आ-आफना विचार राखेका थिए।

# अवैध मदिरा भट्टी नष्ट



**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, २४ फागुन

गाउँदेखि टाढा खेतको बीचमा रहेको घरेलु मदिरा भट्टी प्रहरीले नष्ट गरेको छ। जिल्लाको क्षेत्र नं १ तथा २ को सिसवा, पथरा, बहुर्वा गाउँको खेतमा सञ्चालनमा रहेको अवैध भट्टी प्रहरीले नष्ट गरेको हो।

सिचाईका लागि बोरीङ राख्न बनाएको घर भित्र सञ्चालनमा रहेको मदिरा उत्पादन गर्ने सामग्रीसमेत प्रहरीले नष्ट गरेको छ। जिल्ला प्रहरी कार्यालय रौतहटका प्रहरी निरीक्षक दिनेश कुँवरको नेतृत्वमा गएको टोलीले अखाध्य पदार्थ मिसाएको, युरिया मल मिसाएको मदिरा र बनाउन तयारी सामग्रीहरु नष्ट गरेको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको हो।

## मुलुकले ....

निर्वाचनमा ८८२ मतदाता रहेका छन्। मतदाताहरूमा संघीय संसद्तर्फ ३३४ जना र प्रदेशसभातर्फ ५५० जना रहेका छन्। तर, नेपाली कांग्रेसका सांसद टेकबहादुर गुरुङ निलम्बनमा परेको तथा चितवन २ मा सांसद पद रिक्त रहेकाले ८८२ जनाको सूची प्रकाशन गरिएको आयोगले जनाएको छ।

कांग्रेस सांसद चन्द्र भण्डारी उपचारका सिलसिलामा मुम्बईमा र माओवादीका केन्द्रका सांसद वर्षमान पुन उपचारका लागि चीनमा छन्। जसपाका एक सांसदको निधन भएको छ। यसकारण निर्वाचनमा जम्मा ८७९ जनाले मात्रै मतदान गर्न सक्ने अवस्था रहेको निर्वाचन अधिकृत महेश शर्मा बताउँछन्।

माओवादीले सञ्चालन गरेको १० वर्षे सशस्त्र युद्ध (जनयुद्ध) र ०६२/०६३ सालको जनआन्दोलनको बलमा राजतन्त्र फालिएपछि रामवरण यादव नेपालको प्रथम राष्ट्रपति बनेका थिए। उनको अविभावकत्वमा २०७२ सालमा संविधानसभाबाट संविधान जारी भएको थियो। त्यसपछि विद्यादेवी भण्डारी संविधान अनुसार राष्ट्रपतिको निर्वाचन नहुन्जेल (२०७४ साल फागुन) सम्म राष्ट्रपतिमा निर्वाचित भएकी थिइन्। ०७४ को राष्ट्रपति निर्वाचनबाट पुनः भण्डारी नै निर्वाचित भएकी थिइन्। दुई पटक गरेर ७ वर्षे कार्यकाल सकाएर राष्ट्रपति भण्डारी बिदा हुँदैछिन्। उक्त पदका लागि बिहीबार निर्वाचन हुन लागेको हो।

प्रतिस्पर्धामा रहेका रामचन्द्र पौडेल नेकपा माओवादी केन्द्रसहित ८ दलको साझा उम्मेदवार हुन् भने नेम्वाङ एमालेको एकल उम्मेदवारका रुपमा रहेका छन्। पौडेल र नेम्वाङ दुवै नेपाली राजनीतिमा अनुभवी, मध्यमार्गी र तुलनात्मक रुपमा नैतिक मूल्यमा उभिने राजनीतिकर्मी मानिन्छन्। दुवै पूर्वसभामुख हुन्।

८ दलीय गठबन्धनका तर्फबाट राष्ट्रपतिका उम्मेदवार बनेका पौडेल प्रतिनिधिसभाका र नेम्वाङ संविधानसभाका पूर्वसभामुख हुन्। पौडेल २०५१ पुस ३ गतेदेखि २०५५ साल चैत ९ गतेसम्म प्रतिनिधिसभाको सभामुखको भूमिकामा थिए। नेम्वाङले २०६५ साउन १२ देखि २०६९ साल जेठ १४ गतेसम्म संविधानसभाको पहिलो कार्यकाल र २०७० फागुन ६ गतेदेखि २०७२ साल असोज २७ गतेसम्म दोस्रो कार्यकाल सभामुखको जिम्मेवारी सम्हालेका थिए।

## राप्रपाले...

उम्मेदवार दलीय। 'राष्ट्रपतिको संरचनामाथि हाम्रो फरक मत छ। साथै अहिले उम्मेदवार बन्नु भएका दुवै उम्मेदवार राजनीतिमा रहनु भएका व्यक्ति भएकाले मतदानमा सहभागी नहुने निर्णय लिएका हौं' लिङ्देनले भने।

## रास्वपा...

रिक्त भएका कारण उसको मतभार १५०१ मा सीमित भएको हो। बुधबारको बैठकमा बोल्ने रास्वपाका अधिकांश नेताहरुले भने तटस्थ बस्नुपर्ने बताएका छन्। अधिकांश नेताहरुले नै तटस्थ बस्नुपर्ने भनेकाले सोही दबाव महसुस गरेर रास्वपाले बुधबार कुनै निर्णय नलिएको हो।

रास्वपाका प्रवक्ता मुकुल ढकाल भन्छन्, 'संख्यात्मक हिसावले भूमिका निर्णय अदलबदल गर्न सक्ने देखिएन्। तथापि, मतदान गर्छौं। कसलाई मतदान भन्ने निर्णय मतदान अगाडि लिन्छौं।'

## कानुन...

हाजिर गरेको भए पनि विधेयक प्रस्तुत गर्दा हाउसमा ५० जना मात्रै उपस्थित थिए। त्यसदिन स्थगित भएपछि प्रतिनिधिसभाको अर्को बैठक बस्न सकेको छैन।

यो सहित प्रतिनिधिसभामा ६ वटा विधेयक विचाराधीन छन्। राष्ट्रिय सभाबाट पारित भएर आएको खाद्य स्वच्छता तथा गुणस्तर विधेयक अगाडि बढेको छ। यो विधेयकउपर सांसदहरुले संशोधन दर्ता गरेका छन्। संशोधनउपर सदनमा छलफल भने हुन पाएको छैन। राष्ट्रिय सभाबाट पारित भएर आएको अभिलेख संरक्षण (पहिलो संशोधन) विधेयक, अनुगमन तथा मूल्याङ्कन विधेयक पनि प्रतिनिधिसभाले अगाडि बढाउन सकेको छैन।

यसबाहेक प्रतिनिधिसभामा दुई वटा विधेयक दर्ता भएका छन्। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले 'संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी ऐन, २०६६ लाई संशोधन गर्न बनेको विधेयक' दर्ता गरेको छ। कानुन न्याय तथा संसदीय मामिला मन्त्रालयले 'सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्न बनेको विधेयक' दर्ता गरेको छ।

राष्ट्रिय सभामै रहेका अन्य ९ वटा विधेयक पनि अगाडि बढ्न सकिरहेका छैनन्। २०७६ साल माघ ६ गते दर्ता भएको अख्तियार दुरुपयोग अनुसन्धान आयोग (तेस्रो संशोधन) विधेयक र भ्रष्टाचार निवारण (पहिलो संशोधन) विधेयक राष्ट्रिय सभाले पारित गर्न सकेको छैन। यी दुवै विधेयकमा समान र मुख्य दुई विषय छन्। भ्रष्टाचार सम्बन्धी मुद्दा दर्ता गर्नका लागि हदम्याद राख्ने प्रस्ताव र निजी क्षेत्रको भ्रष्टाचारको समेत अख्तियार दुरुपयोग अनुसन्धान आयोगले हेर्न सक्ने प्रावधान।

तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सरकारले ल्याएको यो विधेयक त्यसपछि प्रधानमन्त्री बनेका शेरबहादुर देउवाले अगाडि बढाउने तत्परता देखाएनन्। वर्तमान प्रधानमन्त्री प्रचण्ड नेतृत्वको सरकारले पनि यी दुवै विधेयकउपर आफ्नो धारणा अगाडि सारेको छैन।

२०७६ सालमै दर्ता भएको अध्यागमन विधेयक र प्रतिलिपि अधिकार विधेयक पनि राष्ट्रिय सभामा अलपत्र छन्। २०७७ मा दर्ता भएको सार्वजनिक सेवा प्रसारण विधेयक र सुरक्षण मुद्रण सम्बन्धी विधेयक, २०७८ सालमा दर्ता भएको कोभिड-१९ संकट व्यवस्थापन विधेयक र २०७९ सालमा दर्ता भएको नेपाल विश्वविद्यालय विधेयक पनि राष्ट्रिय सभामा विचाराधीन छन्।

राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन लगत्तै सदनले गति लिन सक्ने संसद सचिवालयका अधिकारीहरुको विश्वास छ। संसद सचिवालयका प्रवक्ता गिरी भन्छन्, 'प्रतिनिधिसभा नियमावली पारित भएपछि सदनले गति लिन सक्छ।'

११ माघमा गठन भएको प्रतिनिधिसभा नियमावली मस्योदा समितिले १० फागुनमा बसेको प्रतिनिधिसभाको बैठकमा प्रतिनिधिसधा नियमावलीको मस्यौदा पेश गरेको थियो। उक्त मस्यौदा अगामी चैत ५ गते बस्ने तय भएको प्रतिनिधिसभाको बैठकले अगाडि बढाउन सक्ने संसद सचिवालयका अधिकारीहरुको जवाफ छ।

## प्रधानमन्त्रीको...

मन्त्री डोलप्रसाद अर्यालले सरकारमा सहभागी पार्टीका सबै मन्त्रीसहित गत माघ २२ गते राजीनामा दिएपछि प्रधानमन्त्री प्रचण्डले अन्य १६ मन्त्रालयसँगै श्रम मन्त्रालय पनि आफ्नो नेतृत्वमा राखेका छन्।

इजरायलका दीर्घकालीन स्याहार केन्द्रमा सहायक कामदारको नयाँ प्रक्रिया अघि नबढ्दा उक्त मुलुक जान तयारी गरेर बसेकाहरूसमेत हैरानीमा परेका छन्। उक्त मुलुकको रोजगारीमा नेपालीको विशेष आकर्षण रहेको छ। इजरायल जाने प्रतीक्षामा रहेकी काभ्रेकी निमा लामाले भनिन्, 'इजरायल जाने सहायक कामदारको मासिक तलब १ हजार ६ सय अमेरिकी डलर हुने र कामदारको शुरू करार अवधि १ वर्षको भएपनि ५ वर्षसम्म थप गर्न पाउने सुनेपछि हिब्रु भाषा सिकेर बसेको नै छ महिना बढी भयो। तर फारम भर्न पाएकी छैन।'

साविकको एसएलसी वा हालको एसईई उत्तीर्ण गरी अ.न.मी वा सी.एम.ए.सम्बन्धी विषयमा कम्तीमा १५ महिनाको अध्ययन पूरा गरेको वा १२ कक्षा र सो सरहको शैक्षिक योग्यता हासिल गरी नेपाल सरकारबाट मान्यता प्राप्त तालिम प्रदायक संस्थाबाट केयर गिभिङसम्बन्धी कम्तीमा तीन महिनाको तालिम प्राप्त गरेकाले पनि इजरायल जान आवेदन दिन पाउने व्यवस्था छ।

मन्त्री नहुँदा इजरायलका दीर्घकालीन स्याहार केन्द्रमा सहायक कामदारको रोजगारी प्रक्रिया मात्रै नभई इजरायल सरकारले कृषि कार्यका लागि १ हजार नेपाली कामदार लैजान गरेको निर्णय कार्यान्वयनमा पनि आवश्यक तीव्रता नआएको बताइएको छ। तत्कालीन मन्त्री शेरबहादुर कुँवरको कार्यकालमा नेपालका लागि इजरायली राजदूत खनान गोदेरले इजरायल सरकारले तत्कालै कृषि कार्यका लागि १ हजार जना नेपालबाट लैजान चाहेको बताएका थिए।

## व्यवसायी...

उर्मिला अर्यालले व्यवसायी गुरूङलगायत समाजसेवी महिलाहरूलाई उनीहरूले वैदेशिक रोजगारसहित आर्थिक तथा सामाजिक क्षेत्रमा पुऱ्याएको योगदानको कदर गरी सम्मान गरेको प्रतिष्ठानले जनाएको छ। व्यवसायी गुरूङलाई लामो समयदेखि वैदेशिक रोजगार व्यवसायमा सक्रियतापूर्वक लागेर नेपाली नागरिक समाजमा आफूलाई निष्ठापूर्वक समर्पित गराउँदै आफ्नो कम्पनीको माध्यमबाट बेरोजगार युवायुवतीहरुलाई रोजगारको अवसर प्रदान गरी सुरक्षित वैदेशिक रोजगारको क्षेत्रमा पुऱ्याएको योगदानको कदर स्वरूप सम्मानित गरिएको प्रतिष्ठानले जनाएको छ।

गोरखा जिल्लाको सिरानचोक गाउँपालिका- ७, श्रीनाथकोट गुरूङ टोलकी स्थायी बासिन्दा व्यवसायी गुरूङले चन्द्रलोक प्रतिष्ठानले आफूलाई गरेको सम्मानले समाज सेवामा थप प्रतिबद्ध भएर लाग्ने प्रेरणा मिलेको बताइन्। कार्यक्रम प्रतिष्ठानका अध्यक्ष सिताराम कार्कीको सभापतित्वमा भएको थियो।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**तेस्रो पटक प्रकाशित मितिः २०७९/११/२५**

Tridev Health Care Pvt. Ltd. को मिति २०७४/०२/२६ गतेमा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी Tridev Health Care And Policlinic Pvt. Ltd. **(प्रा.लि.नं.: १४२५६७)** कायम गर्ने गरी मिति २०७४/०२/२९ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**दोस्रो पटक प्रकाशित मितिः २०७९/११/२५**

**कानूङ शुभारम्भ ईन्भेष्टमेन्ट कम्पनी प्रा.लि.** को मिति २०७९/११/०५ गतेमा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **कानूङ शुभारम्भ समूह प्रा.लि. (प्रा.लि.नं.: २७५५१५)** कायम गर्ने गरी मिति २०७९/११/१४ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**मलेसियामा रोजगार** | कम्पनीः MAC SECURITY CONSULTANTS SDN BHD
शहरः Malaysia,kuala lumpur

पूर्व स्वीकृत मितिः २०७९/०८/२८ चलानी नं.: ६०१९३३५६ LT. No.: 277744 पुनःविज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 32 | 0 | स. काममा दक्ष | 1500 | ४३,८६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ चैत २ गते (16 March 2023) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | मलेसियाको निःशुल्क कुबेतको रु. १०,०००/- |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझा विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

Frontline Recruitment
**Frontline Recruitment Pvt. Ltd.**
Kalimatidol, Kathmandu, Nepal, P.o.box:13708, Tel No:01-4493645,4493646
Fax:+977-01-4493647 Email:info@manpoweragencynepal.com
श्रम इजाजत पत्र नं.: ८८६/०६७/०६८

# सातै प्रदेशमा स्तन र पाठेघर क्यान्सरको नि:शुल्क उपचार

**मध्यान्ह संवाददाता**
काठमाडौं, २४ फागुन

सरकारले सातै प्रदेशमा स्तन र पाठेघर क्यान्सरको नि:शुल्क उपचारको व्यवस्था गर्ने भएको छ।

बुधबार प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले महिलाहरूमा देखिने पाठेघरको क्यान्सर र स्तन क्यान्सरको शीघ्र पहिचान र उपचारलाई विशेष कार्यक्रमको रूपमा नि:शुल्क सेवा विस्तार गरिने बताए। ११३ औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको अवसरमा काठमाडौंमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै प्रधानमन्त्रीले उक्त घोषणा गरेका हुन्।

सम्बोधनमा प्रधानमन्त्रीले भने, 'यसैगरी सातवटै प्रदेशमा निसन्तान उपचार सेवा, वडास्तरमा नवजात शिशु स्याहार केन्द्रको स्थापना, महिलाहरूमा देखिने पाठेघरको क्यान्सर र स्तन क्यान्सरको शीघ्र पहिचान र उपचारलाई विशेष कार्यक्रमको रूपमा निशुल्क सेवा विस्तार गरिनेछ। साथै पाठेघरको क्यान्सर रोकथामको लागि ९ देखि १३ वर्षका बालिकालक्षित एचपीभी खोप कार्यक्रमलाई देशव्यापी बिस्तार गरिनेछ।'

प्रधानमन्त्री प्रचण्डले करिब ३४ प्रतिशत महिलाहरुमा प्रजनन् उमेर समूहका महिलाहरूमा देखिएको रक्तअल्पताको अन्त्य गर्न महिला लक्षित पोषण कार्यक्रम सञ्चालन गरिनेसमेत बताए।



उनले महिला अधिकारको विषय समाजको आर्थिक तथा राजनीतिक प्रणालीसँग अभिन्नरूपमा गाँसिएको बताए। नेपाली समाजको रूपान्तरण तथा राजनीतिक परिवर्तनका आन्दोलनको एउटा मुख्य एजेण्डा सबैखाले लैंगिक विभेदको अन्त्य गर्दै महिलाहरूले समाजका हरेक क्षेत्रमा सम्मानपूर्वक अधिकारको प्रत्याभूतिक गर्न पाउनुपर्ने रहँदै आएको विदितै रहेको उनले बताए।

उनले भने, 'समाजमा महिला र पुरुषबीचको विभेद र महिलामाथि हुने सबै प्रकारका शोषण र दमनको अन्त्य नहुँदासम्म समतामूलक समृद्ध समाजको निर्माण हुन सक्दैन। शारीरिक तथा सामाजिक-सांस्कृतिक रूपमा महिलालाई कमजोर ठान्ने, महिलाको सामाजिक परिवेश खुम्च्याउने, महिलाहरूले पुरुससरह सामाजिक अस्तित्व धान्न सक्दैनन् भन्ने परम्परागत मान्यतालाई नेपाली भूमिमा चलेका जनयुद्ध तथा जनआन्दोलनहरूमा महिलाहरूले देखाएका वीरता र सौर्यका गाथाले गलत साबित गरिदिएको छ।' जनयुद्ध, जनआन्दोलन तथा विभिन्न राजनीतिक तथा सामाजिक परिवर्तनका आन्दोलनमा महिलाहरूले प्रदर्शन गरेको वीरता, बलिदान र संघर्षको परिणामस्वरूप नेपालको संविधानले महिलाउपर हुने सबै प्रकारका विभेद, असमानता एवं भेदभावहरूको अन्त्य गर्दै समानुपातिक, समावेशी एवं समतामूलक राज्य प्रणाली स्थापना गर्न सफल भएको पनि उनले बताए। उनले थपे, 'राज्यका सबै तहमा, राजनीतिक दलहरूलगायत समाजका अन्य तहमा ३३ प्रतिशत महिला प्रतिनिधित्व सुनिश्चित हुन पुगेको छ। राष्ट्रपति र उपराष्ट्रपतिमा फरकफरक लिंग वा समुदायको प्रतिनिधित्व हुनुपर्ने, सभामुख, उपसभामुख, राष्ट्रिय सभा अध्यक्ष र उपाध्यक्षसम्मका पदमा महिला अनिवार्य हुनुपर्ने उपलब्धि हामीले हासिल गरेका छौं। साथै संघीय र प्रादेशिक संसदमा ३० प्रतिशत महिला प्रतिनिधित्व, स्थानीय तहमा प्रमुख र उपप्रमुख, अध्यक्ष र उपाध्यक्षमध्ये एक महिलासहित ४० प्रतिशत महिला प्रतिनिधित्व सुनिश्चित गरिएको छ।'

संविधानले महिलाको हकलाई मौलिक हकको रूपमा स्थापित गरी राज्यका सबै निकायमा महिलाहरूको समानुपातिक समावेशीतालाई सुनिश्चित गरेको पनि उनले बताए। महिलाविरूद्ध हुने कुनै पनि किसिमको हिंसाजन्य कार्य र शोषणलाई दण्डनीय बनाई शुन्य सहनशीलताको नीति अवलम्बन गरिएको प्रचण्डले बताए। संवैधानिक व्यवस्थाअनुसार संघ, प्रदेश तथा स्थानीय तहका विभिन्न संयन्त्र एवं प्रक्रियामा महिलाहरूको सार्थक सहभागितालाई सुनिश्चित गर्न विभिन्न नीतिगत, कानुनी एवं संस्थागत व्यवस्था गरिएको उनले बताए।

# २७ कुइन्टल सडेको चामल नष्ट

**ओबराज शाही/मध्यान्ह**
हुम्ला, २४ फागुन



हुम्लाको दक्षिण क्षेत्रमा पर्ने अदनचुली गाउँपालिकाको श्रीनगर डिपोमा ढुवानी भएको चामल सडेको पाइएको छ। २७ कुइन्टल ९० केजी चामल सडेर खान योग्य नभएपछि नष्ट गरेको छ।

दुई वर्षअघि देखि डिपोमा थन्क्याएर राखिएको खाद्य संस्थानको चामल जिल्ला खाद्य संस्थान हुम्लाले तत्काल गाडेर नष्ट गरेको हो। चामलको गुणस्तर चेकजाँच गर्दा बिग्रिएको पत्ता लागेपछि सबै चामल श्रीनगर खाद्य डिपो नजिकै खाडल खनेर गाडिएको हो।

अखाद्य चामल जिल्ला खाद्य संस्थान हुम्लाका सहायक कार्यालय प्रमुख नविन आचार्य, श्रीनगर प्रहरी चौकी, स्थानीय र जनप्रतिनिधिको रोहबरमा नष्ट गरिएको छ।

सडेको चामल धेरै अगाडि देखिनै गाड्न खोजिए पनि केन्द्रबाट आदेश नआएकोले ढिलाइ भएको थियो। तर केन्द्रबाट आदेश आएलगत्तै फागुन २२ गते नष्ट गरिएको खाद्य संस्थान हुम्लाका सहायक कार्यालय प्रमुख आचार्यले बताए।

सुरक्षित भण्डारणको अभावमा कुहिएको चामल खानका लागि उपयोग गर्न नमिल्ने भएकाले नष्ट गरिएको उनले बताए। अधिकांश बोराको चामल कुहिएर डल्लो परेको, सडिएको, कालो भएको र गन्ध समेत आउने भएको स्थानीयले बताए। उक्त चामल ठेकदार नन्द महतारा र टोपनारायण चालीसेले ढुवानी गरेका थिए। करिब १ सय कुइन्टल कुहिएको चामल थन्किएको थियो।

# बालिका बलात्कार गर्नेलाई १२ वर्ष कैद

**बागलुङ/मस-** १२ वर्षीया बालिकालाई बलात्कार गर्ने ७५ वर्षीय वृद्धलाई १२ वर्ष कैद फैसला भएको छ। जिल्ला न्यायाधीश दिवाकर भट्टको इजलासले अभियोग दाबी पुगेकाले आरोपितलाई १२ वर्ष फैसला सुनाउँदै रु.३० हजार क्षतिपूर्ति प्रदान गर्न आदेश दिएको जिल्ला अदालत बागलुङका इजलास अधिकृत गंगाधर सापकोटाले बताए। बागलुङको निसीखोलाका वृद्धले २०७८ चैत ५ गते बालिकालाई बलात्कार गरेको भन्दै पीडित पक्षले २०७९ जेठ ३१ गते जिल्ला प्रहरी कार्यालय बागलुङमा उजुरी दिएको थियो। प्रहरीले आरोपितविरुद्ध २०७९ असार २३ गते जिल्ला अदालत बागलुङमा जबरजस्ती करणी कसुर शीर्षकमा मुद्दा दर्ता गरेको थियो। आरोपितलाई अदालतको २०७९ असार २३ गतेको आदेशले पुर्पक्षका लागि जिल्ला कारागार बागलुङमा थुनामा पठाइएको थियो।

# टोखामा नि:शुल्क स्वास्थ्य शिविर

**काठमाडौं/मस-** टोखा नगरपालिकाले ११३ औं अन्तर्राष्ट्रिय नारी दिवसको अवसरमा नि:शुल्क महिला स्वास्थ्य शिविर सञ्चालन गरेको छ।

नगरपालिकाले धापासी स्वास्थ्यचौकी र ग्रीनलाइफ हेल्थ केयरको प्राविधिक सहयोगमा नि:शुल्क महिला स्वास्थ्य शिविर सञ्चालन गरेको हो। स्वास्थ्य शिविरको उद्घाटन गर्दै टोखा नगरपालिकाका प्रमुख प्रकाश अधिकारीले महिला आन्दोलनबाट प्राप्त अधिकारलाई रक्षा गर्ने प्रमुख जिम्मेवारी महिलाकै भएको बताए। महिला आन्दोलनका कारण देशले महिला राष्ट्रपति पाएको उनको भनाइ थियो। टोखा नगरपालिकाले स्वास्थ्य र शिक्षालाई नि:शुल्क गर्नका लागि विभिन्न कार्यक्रम अगाडि सारेको उनको भनाइ थियो। टोखा नगरपालिकाका उपप्रमुख मुरारी तामाङले महिला सशक्त भएमात्र देशको विकास हुने बताए।

३३ प्रतिशत अधिकार महिला आन्दोलनका कारण प्राप्त भएको उनको भनाइ थियो। उपप्रमुख तामाङले नगरपालिकाभित्रका महिलाको निरन्तर स्वास्थ्य परीक्षण गर्ने बताए। ग्रीनलाइफ हेल्थ केयरका डा.क्षितिज सापकोटाले ग्रीनलाइफ हेल्थ केयरलाई सामुदायिक अस्पतालका रुपमा विकास गर्न लागिएको बताए।

टोखा नगरपालिका वडा नं ७ का वडाअध्यक्ष नरोत्तम रानाले नि:शुल्क स्वास्थ्य शिविरअन्तर्गत स्त्रीरोग विशेषज्ञ परामर्श, पाठेघर मुखको क्यान्सर जाँच, प्रयोगशाला जाँच, भिडियो एक्सरे र औषधि वितरण नि:शुल्क रुपमा गरिने जानकारी दिए।

# 'नो हर्न' नगरपालिका घोषणा !

**रुपन्देही/मस**–रुपन्देहीको तिलोत्तमा नगरपालिकालाई 'नो हर्न' नगरपालिका घोषणा गर्ने तयारी गरिएको छ। नगरपालिकाले सञ्चालन गरेको हरियाली प्रवर्द्धन एवं सरसफाइ अभियानको सयौं शृंखलाको अवसरमा यही चैत १ गते तिलोत्तमा नगरपालिकालाई 'नो हर्न' नगरपालिका घोषणा गर्न लागिएको हो। नगरपालिकाले २०७४ साउन ६ गते शुरु गरेको समुदायमा आधारित साप्ताहिक हरियाली प्रवर्द्धन एवं सरसफाइ अभियान चैत १ गते एक सयौं शृंखला पुग्दैछ। नगरपालिकामा हुने ध्वनि प्रदूषणलाई नियन्त्रण गर्न त्यस्तो घोषणा गर्न लागिएको नगरप्रमुख रामकृष्ण खाणले जानकारी गराए। हरियाली प्रवर्द्धन एवं सरसफाइ अभियानको एक सयौं शृंखलाका अवसरमा नगरपालिकाले बिहीबारदेखि साताव्यापी विविध कार्यक्रमको तयारी गरेको छ। जसअन्तर्गत बिहीबार टेलिभिजन बहस कार्यक्रम, २६ गते विद्यालयस्तरीय वक्तृत्वकला तथा कला प्रदर्शन कार्यक्रम, २७ गते सरसफाइ तथा रक्तदान, २८ गते शैक्षिक संघसंस्थाको परिसर तथा शौचालय सरसफाइ कार्यक्रम, २९ गते लक्षित समुदायमा कम्पोष्टबिन वितरण र ३० गते मानव साङ्लोसहित सिक्सलेन सडक सरसफाइ कार्यक्रम सञ्चालन गरिनेछ।

त्यस्तै, मणिग्राम चोकमा निर्माण गरिएको सयौं शृङ्खलाको स्मारक उद्घाटन तथा साँझ नगरपालिकाको कार्यालयमा दीपावली गरिने नगरप्रमुख खाणले बताए। अभियानको सयौं शृंखला पुग्ने दिन चैत १ गते मुख्य कार्यक्रमको आयोजना गरिनेछ। जसमा झाँकी प्रदर्शन तथा सम्मान, नो हर्न नगरपालिका घोषणा तथा त्यसै दिनदेखि नगरपालिकामा उत्पादन हुने कुहिने र नकुहिने फोहोर अलग अलग उठाउन शुरु गरिनेछ।

# भन्सार मजदुरले एक वर्षदेखि पाएनन् ज्याला

**चौतारा/मस**–तातोपानी भन्सारमा विभिन्न ट्रान्सपोर्टका लागि काम गर्ने मजदुरले एक वर्षदेखि ज्याला नपाएको गुनासो गरेका छन्। चीनबाट ढुवानी गरेर आइपुगेका सामान भन्सार जाँचका लागि पल्टी गरेवापतको ज्याला नपाउँदा छ सय ४२ मजदुरलाई हात-मुख जोड्न नै समस्या भएको हो।

दैनिक मजदुरी गरी खानेलाई सिल्क, शारदा, नमस्ते ट्रान्सपोर्ट, रेवाङ लजिस्टिकलगायतका ट्रान्सपोर्ट कम्पनीले सामान पल्टी गरेवापतको ज्याला नदिँदा दैनिक गुजारा गर्नै मुस्किल भएको मजदुर डोमा शेर्पाले बताए।

यहाँ काम गर्ने मजदुरको आफ्नो जग्गाजमिन छैन। सम्पूर्णरूपले ट्रान्सपोर्टको ज्याला मजदुरीमा निर्भर उनीहरू यही कामबाट परिवारको पेट पाल्छन्। पुरानो ज्याला पाइहालिन्छ कि भनेर अहिले पनि आफू दिनभर खटेर सामान ओसारपसार गरिरहेको तर साँझ रित्तो हात घर फर्किन बाध्य भएको मजदुर मीनबहादुर श्रेष्ठ दु:खेसो पोखे।

अचेल तातोपानी नाकाबाट सामान आयातमात्रै हुन्छ। चीनबाट सीमित मात्रामा कन्टेनर भन्सारमा आउने हुँदा त्यसै पनि मजदुरहरूले भने जसरी काम गर्न पाएका छैनन्। दैनिक ज्याला मजदुरी गरी साँझ बिहानको घर खर्च जुटाउने मजदुरहरूको ज्याला दिन ट्रान्सपोर्ट कम्पनीले ढिलाइ गर्दा मजदुरहरूको दैनिक जीवन कष्टकर बनेको पासाङ शेर्पाले बताए।

ज्याला पाउने आश्वासनमा मजदुरहरूले वर्ष दिन बिताइसके। तर कम्पनीले कहिले ज्याला चुक्ता गर्छन् निश्चित छैन। दैनिक भन्सारमा आएर पसिना चुहाउँदै काम गर्ने तर साँझ रित्तो हात फर्किनुपर्ने बाध्यताको अन्त्य गराइदिन नेपाल भन्सार श्रमिक संघका अध्यक्ष रवीन्द्र पौड्यालले माग राखेका छन्।


## Cyprus मा रोजगारको अवसर

कम्पनी: **Mavromatis Employment Bureau Ltd.,** Cyprus, Larnaca

पूर्व स्वीकृती मिति २०७९।०४।२९ | चलानी नं. ६०१८५३२६ | LT.No. 269481 | पून: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलव Euro | मासिक तलव ने.रु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Butcher | 02 | काममा दक्ष | 520 | ७२,५१४।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |
| 2 | Labourer | 03 | | 500 | ६९,७२५।- | | | | | | | |

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले दिने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भीषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखीकरण तालिम शुल्क | कल्याणकारी कोष व्यवस्था | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने रोजगारदाता कम्पनीले | नि:शुल्क | नि:शुल्क | कामदार स्वयं रु. ७००।- | कामदार स्वयं रु. १,५००।- | रु. ४०,०००।- |

अन्तर्वार्ता २०७९ चैत्र २ गते (16 March, 2023) मेनपावर कार्यालय बालकुमारीमा हुनेछ।

बैदेशिक रोजगार विभागवाट गराईएको जानकारी :- १) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछिमात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनु होला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला। ४) विदेश जानु अघि अभिमुखीकरण वा इण्डक्सन तालीम अनिवार्य लिनु होला। ५) विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी,पाउने सेवा, सुविधा र अन्य शर्त बारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नु होला। सो को १ प्रति आफूसंग राख्नु होला। ६) काममा बिदेश जांदा नेपालकै एयरपोर्ट प्रयोग गर्नु होला। अन्यथा ठगिने सम्भाबना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे बैदेशिक रोजगार विभाग,बुद्धनगरमा सम्पर्क राख्नु होला।

Govt. Lice. No.: 1172/073/074

**Apps Services Pvt.Ltd.**
Balkumari 8, Lalitpur Tel: +00977-01-5186018, 5186030
Email:- infoapps1172@gmail.com



**Government of Nepal**
**Ministry of Home Affairs'**
## Sudurpaschim Province Police Hospital

**Invitation for Online Bids**

Date of Published- 2079/11/25 (March 9th, 2023)

Sudurpaschim Province Police Hospital Dhangadhi, Kailali invites online bids from registered, eligible and interested bidders for the following works. For more detail eligible bidders may visit and download from e-GP system http://bolpatra.gov.np/egp.

| Contract Identification Number | Description of Works | Cost of Bidding Document | Last date and time of bid submission electronically | Date of bid opening time and place | Bid Security | Account Details |
|---|---|---|---|---|---|---|
| NCB/ SPPHS/ Kailali-079/80/ REG/02 | Construction of Toilet Block, Septic Tank, Soak pit and Renovation of Existing Structures, Dhangadhi, Kailali | NRs.3,000.00 | 2079/12/26 till 12:00 Hrs from e-GP system http:// bolpatra .gov.np/egp | 2079/12/26 13:00 Hrs at Sudurpaschim Province Police Hospital, Dhangadhi, Kailali | NRS. 76,800 | Rajaswa khata-1000100200010000 Rajaswa Shirshak no. 14229 Bank Name: Rastriya Banijya Bank, Silgadhi, Doti office code : 314047106 Dharauti Account No:- 4100100102030000 Dharauti Account Name: Treasury and Controller Office, Silgadhi, Doti |





मध्यान्ह
www.madhyanhadaily.com
२५ फागुन २०७९, बिहीबार
9 March 2023, Thursday

सम्पादकीय

## चुहावट रोक

सुख्खा याम शुरू भएसँगै देशको संघीय राजधानी काठमाडौंवासीलाई खानेपानीको समस्याले सधैं पिरोल्ने गर्दछ । मागको तुलनामा निकै न्यून मात्रामा खानेपानी वितरण हुने भएपछि काठमाडौंमा यो समयमा पानीको हाहाकर हुने गरेको छ । हुन त मेलम्ची खानेपानी परियोजनाले पानी वितरण गर्न थालेपछि भने केही वर्ष यता राजधानीवासीलाई थोरै भए पनि राहत भएको छ ।

अहिले प्रतिदिन १७ करोड लिटर खानेपानी मेलम्ची खानेपानीले उपत्यकामा वितरण गरिरहेको बताइन्छ । तर यसमध्ये झण्डै ४० प्रतिशत पानी चहावट भएर खेर जाने गरेको तथ्य सार्वजनिक भएको छ । खानेपानी वितरणका लागि काठमाडौं उपत्यकामा बिछ्याइएका पाइपमा चुहावट भएको पाइएको हो । काठमाडौं उपत्यका खानेपानी लिमिटेड, आयोजना कार्यान्वयन निर्देशनालयका अनुसार पुरानो पाइपमा मात्र नभएर नयाँ पाइपमा समेत चुहावटको समस्या देखिएको छ । निर्देशनालयले एसियाली विकास बैंकको ऋण सहयोगमा सन् २०१३ देखि चक्रपथभित्र एक हजार १० किमि पाइप बिछ्याइएको थियो । ढल तथा सडक बनाउँदा, विद्युत अण्डरग्राउण्ड गर्दा पाइपमा क्षति पुगिरहेकाले पनि सडकमा धेरै ठाउँमा चुहावट हुने गरेको पाइएको छ । यति मात्र होइन पूरानै संरचनाबाट पानी वितरण हुने गरेकोले पनि समस्या जटिल बनेको छ । उपत्यकामा झण्डै एक सय वर्ष पुरानो खानेपानीका पाइप रहेका छन् । हाल नयाँ पाइप परीक्षणको क्रममा रहेकोले त्यही पुरानो संरचनाको पाइपबाट नै पानी वितरण भइरहेको छ । शताब्दीभन्दा पुराना पाइपबाट पानी वितरण भइरहेकोले पनि बढी समस्या देखिएकोमा दुई मत छैन ।

पहिले कम परिमाणमा पानी वितरण भइरहेको पाइपबाट मेलम्चीको पानी दैनिक १७ करोड लिटर वितरण हुन थालेपछि उपत्यकाका विभिन्न क्षेत्रमा चुहावटको समस्या बढी देखिएको छ । खासगरी ललितपुरको लगनखेल र आसपासका क्षेत्र, काठमाडौंमा पुरानो बस्ती क्षेत्रमा चुहावटको समस्या बढी छ । हिउँद लगत्तै शुरू भएको सुख्खा याममा ४० प्रतिशत पानी चुहावटमै सकिनु मननयोग्य विषय हो । पानी चुहिएर उपत्यकाका सडक,पेटीहरूमा सर्वसाधारणले अर्को समस्या खेप्नु परेको छ । जथाभावी चुहिने पानीले ती सडक, पेटीको आयु कम हुने हुँदा राज्यको अदृश्य खर्च समेत भइरहेको छ । त्यसैले मेलम्ची खानेपानीको चुहावट रोक्न यथासक्य छिटो यहाँको खानेपानी वितरणको पूरानो संरचनालाई विस्थापित गर्नुपर्छ । कतिपय अवस्थामा खानेपानी निर्देशनालय, विद्युत प्राधिकरण र सडक विभाग लगायतका निकायहरूबीच चुस्त समन्वयको समेत खाँचो देखिन्छ, यसमा सबै निकाय गम्भीर बन्नुपर्छ ।

# महिला आन्दोलनको इतिहास र भविष्य

*सर्वहारावादी विचार र दृष्टिकोणले मात्र पूँजीवादी नीजि सम्पत्ति र स्वामित्वमा आधारित पितृसत्तात्मक व्यवस्थाको विरूद्ध महिला-पुरूष समतामूलक समाजको निर्माण हुनसक्ने र वास्तविक महिला मुक्ति पनि सम्भव हुनसक्ने अवस्था रहन्छ ।*

अग्रलेख



● सरस्वती मोहोरा

ती महिलाहरु जो जीवनको मूल्य सस्तो र सुलभ सौन्दर्यका विकृत साधनहरूमा होइन, संसार बदल्ने हिम्मत्, जोखिम, मिहिनेत र श्रमहरूमा जीवनको मूल्य, दर्शन र सौन्दर्य देख्छन् । ती महिलाहरु मात्र महिलाहरू होइनन्, ती श्रमजीवि र श्रमिक महिलाहरू हुन् । इतिहासमा जसले एकचोटी होइन कैयौं चोटी संसार बदल्ने हिम्मत् गरे, जोहो गरे र जोखिम उठाए । अनेकन् बार ती संघर्षमा हेलिए, लडे, फेरि उठे र अघि बढे । सन् १७८९ मा फ्रान्सेली क्रान्तिको युद्धमोर्चामा आफ्ना सहकर्मी पुरूषहरूका साथमा ती महिलाहरूले लडे । त्यसपछि रक्त शोसक पुँजीवादको उत्पीडनबाट आफ्नो मुक्तिका लागि सन् १८६४ मार्क्स एन्गेल्सको पहल कदमीमा बनिएको पहिलो इन्टरनेशनलसित आबद्ध मजदुरहरुको पेरिस कम्युनको क्रान्ति लडे र आगामी भव्य विजयका सम्भावनाहरूको रेखांकन गर्दै विजयको शिखरहरु चुम्दै अन्ततः तर दुर्दान्त पराजयलाई भोगे । यसरी पेरिस कम्युनको क्रान्ति नै इतिहासमा श्रमजीवि मजदुर, जनता र महिलाहरूको पनि संघर्षको पहिलो ऐतिहासिक गौरव गाथा बनेको थियो ।



